भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**भजनी, कैलाली,**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति :- २०७६।०३।२४)

भजनी नगर कार्यपालिकाको मिति २०७६।०३।१९ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०७६/०७७ का लागि यस भजनी नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका घाटहरुमा डुङ्गा (नाऊ) उत्तराही ठेक्का बन्दोबस्त गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धीत सबैको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम कायम अंक रु. | बोलपत्र फाराम दस्तुर ( फिर्ता नहुने गरी) | ठेक्काको अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।२०७५-०७६ | नेपाल भारतको सिमानामा रहेको नेपाल तर्फको गुलरिया घाट, मोहना नदी | भजनी ५ | ८,००,३००।- | १,०००।- | २०७७ असार मसान्त सम्म | |
| २ | ०२।२०७५-०७६ | हिम्मतपुर घाट, मोहना नदी | भजनी ७ | ६०,०००।- | १,०००।- | २०७७ असार मसान्त सम्म | |
| ३ | ०३।२०७५-०७६ | हलौना घाट, मोहना नदी | भजनी ७ | ३,६०,०००।- | १,०००।- | २०७७ असार मसान्त सम्म | |
| ४ | ०४।२०७५-०७६ | दैलेखीटोल घाट, मोहना नदी | भजनी ३ | ६३,५००।- | १,०००।- | २०७७ असार मसान्त सम्म | |
| ५ | ०५।२०७५-०७६ | कौवाखेडा घाट, मोहना नदी | भजनी ५ | २३,१००।- | १,०००।- | २०७७ असार मसान्त सम्म | |
| ६ | ०६।२०७५-०७६ | जवलपुर- मिलनपुर घाट, कान्द्रा नदी | भजनी ३र५ | ४,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| ७ | ०७।२०७५-०७६ | पहलवान-कुडी घाट, कान्द्रा नदी, | भजनी ९र४ | ३०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| ८ | ०८।२०७५-०७६ | लौवस्ता घाट, कान्द्रा नदी | भजनी १र५ | ७,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| ९ | ०९।२०७५-०७६ | लालबोझी भन्सार खैरेनी घाट, कान्द्रा नदी | भजनी ५र१ | १३,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| १० | १०।२०७५-०७६ | कर्मदेव पडरिया घाट, कान्द्रा नदी | भजनी ३र५ | ८४,२००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| ११ | ११।२०७५-०७६ | खुरखुरीया- भुरुवा घाट, कान्द्रा नदी | भजनी ९ | ६,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| १२ | १२।२०७५-०७६ | विजुलिया- डोंगपुर घाट, कान्द्रा नदी | भजनी ४र९ | ४,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |
| १३ | १३।२०७५-०७६ | विजुलिया - पच्मुडिया घाट, कान्द्रा नदी | भजनी४ र९ | ४,०००।- | १,०००।- | २०७६कार्तिक मसान्त सम्म | |

लोक बहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**शर्तहरु :**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद तिरी (फिर्ता नहुने गरी) खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी बोलपत्र दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. शिलबन्दी बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्रको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि बोलपत्र दाताको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५.बोलपत्र दाताले पेश गरेको कबोल रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६.ठेक्का प्रक्रियामा भाग लिन चाहने बोलपत्र दाताले नगरपालिकाले निर्धारण गरेको न्यूनतम रकमको नेपाली नागरिक भए ५( पांच) प्रतिशत र विदेशी नागरिक भएमा १०(दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा **राष्ट्रिय वाणिज्य बैंक भजनी शाखा**मा रहेको धरौटी **खाता नं.४१५०३०३००७१०२** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्ने छ ।

७.ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

८.नगर पालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

९. घाटको दुबै किनारामा सबैले देख्ने गरी दर रेटको साइन बोर्ड राख्नुपर्नेछ ।

१०.यात्री हरुलाई यस कार्यालयबाट छाप लगाएको नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

११.डुङ्गा(नाऊ) संचालन गर्दा यात्रु अनुसारको लाईफ ज्याकेट राख्नुपर्नेछ ।

१२.म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३.सरकारी कर्मचारी, भिन्न क्षमता भएका,विद्यार्थी र जेष्ठ नागरिकहरुलाई नि:शुल्क घाट उत्तराही सेवा उपलब्ध गराउनु पर्नेछ ।

१४.पेश भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५.यसमा उल्लेख नभएको विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४,सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१६ बोलपत्रका सम्बन्धमाअन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयको कार्यालय समय भित्रबुझ्न सकिनेछ ।

(लोकबहादूर सुनार)
प्रमूख प्रशासकीय अधिकृत

**लोक बहादुर सुनार**
**प्रमुख प्रशासकीय अधिकृत**